# निर्वाचन आयोग,नेपाल
## ELECTION COMMISION, NEPAL
### निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
### प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२
### गुल्मी

**प.स. च.नं./ Ref:** मितिः२०८२/१०/२२

## निर्वाचन आचारसंहिता पालना सम्बन्धी सूचना !

आगामी फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, मर्यादित, मितव्यायी र भयरहित वातावरणमा सम्पन्न गराउन निर्वाचन आयोग, नेपालले निर्वाचन आचारसंहिता, २०८२ माघ ४ गतेबाट लागु गरेको व्यहोरा सर्वविदितै छ। निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचनलाई सभ्य रुपमा सम्पन्न गर्नु हामी सबैको दायित्व हो। तसर्थ यस गुल्मी जिल्लाका राजनीनिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि र सरोकारवाला (सार्वजनिक निकाय, पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी, शिक्षक लगायत) सबैलाई तपसिल बमोजिमका निर्वाचन आचारसंहिता पूर्णपालना गर्न यो सूचना जारी गरिन्छ।

<u>तपसिल</u>

१. सार्वजनिक निकायले सार्वजनिक श्रोत साधन र सम्पति कुनै दल वा उम्मेद्वारको पक्ष विपक्षमा प्रयोग नगर्ने।
२. मतदाता शिक्षामा अवरोध नगर्ने, निर्वाचन सम्बन्धि सामाग्री र सूचना बिगार्न वा थपघट गर्न गराउन नहुने।
३. सार्वजनिक निकाय, विद्यालय क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धि भेला र प्रचार-प्रसार गर्न नहुने।
४. राजनीतिक दल वा उम्मेद्वारको चुनाव चिन्ह, फोटो अंकित टिशर्ट, टोपी, पहिरन, झोला प्रयोग र प्रदर्शन नगर्ने।
५. घर वा जग्गाधनीको स्वीकृति नलिई कसैको निजि घरजग्गामा राजनीतिक गतिविधि वा प्रचार-प्रसार नगर्ने
६. लैगिक साम्प्रदायिक, धार्मिक, अल्पसंख्यक, व्यक्तिको भावनामा आँच आउने, चरित्र हत्या हुनेगरी प्रचार-प्रसार नगर्ने।
७. बालबालिकालाई निर्वाचन प्रचार-प्रसार मा प्रयोग गर्न र गराउन नहुने,
८. कानूनले निषेध गरेको स्थान र समयमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचार-प्रसार नगर्ने,
९. सार्वजनिक आवागमन अवरोध हुनेगरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचार-प्रसार नगर्ने,
१०. निर्वाचनलाई प्रतिकुल असर पर्ने गरी सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह र एकाउन्ट, झुटा साइट सञ्चालन गर्न गराउन नहुने,,
११.निर्वाचनलाई प्रभाव पार्ने गरी सूचना तोडमोडगरी शेयर, ट्याग, कमेन्ट, वा प्रिकमेन्ट गर्न र गराउन नहुने,
१२. निर्वाचनको विश्वसनीयता वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठानमा प्रतिकुल असर हुनेगरी लाल्छना नलगाउने,
१३.कसैको चरित्र हत्या गर्ने, लाल्छना लगाउने, मानहानी हुने किसिमको सामाग्री उत्पादन, प्रकाशन र प्रशारण नगर्ने,
१४. उम्मेद्वार मनोनयन दर्ता देखि मतदान सम्पन्न नभए सम्म मतपरिणाम सम्बन्धमा सर्वेक्षण तथा घोषणा गर्न नहुने,
१५. निर्वाचनलाई प्रभाव पार्ने गरी वा अवरोध हुने गरी विचार राख्ने, प्रचार-प्रसार गर्न, उपादन गर्न तथा शेयर गर्न नहुने,
१६. निर्वाचनको स्वच्छता र निष्पक्षता प्रभावित हुने कार्य नगर्ने,
१७. प्रचार-प्रसार, जुलुस, आमसभा, कोणसभा, भेलाका कार्यक्रम गर्दा बिहान ७ बजेबाट बेलुका ७ बजेसम्म गर्ने,
१८. कसैको निजी घरजग्गा, सार्वजनिक भवन, स्थल, सडक पोलमा दलको झण्डा, चिन्ह वा फोटा टास्न राख्न नहुने,
१९. प्रचलित निर्वाचन कानुन विपरित हुने गरी सार्वजनिक निकाय, सरकारी वा गैरसरकारी संघसंस्थाबाट आर्थिक सहयोग नलिने,
२०. निर्वाचन आयोग, नेपालले गुल्मी जिल्ला निर्वाचन क्षेत्र नं. १ लाई तोकेको हद सिमा रु. ३१ लाख र निर्वाचन क्षेत्र नं. २ लाई तोकेको हद सिमा रु.२९ लाख भित्र रहि खर्च गर्ने,
२१. राजनीतिक दल, उम्मेद्वार र निर्वाचन प्रतिनिधिले सार्वजनिक सम्पति र सरकारी कर्मचारी प्रयोग नगर्ने
२२. निर्वाचन प्रचार-प्रसार अभियानमा प्रचलित कानून र आचारसंहिताले निषेध गरेको कामको लागि आर्थिक सहयोग नलिने,

# निर्वाचन आयोग,नेपाल

## ELECTION COMMISION, NEPAL

## निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

## प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२

## गुल्मी

**प.स. च.नं./ Ref:** मिति:२०८२/१०/२२

२३. दल वा उम्मेद्वारले निर्वाचन प्रचार-प्रसार का लागि आमसभा, कोणसभाको लागि मंच तयारी गर्दा लागेको खर्च मतदान सम्पन्न भएको १५ दिनमा निर्वाचन कार्यालयमा जानकारी दिने,

२४. निर्वाचन खर्च प्रयोजनका लागि छुट्टै बैंक खाता खोल्ने, दलले तोकेको जिम्मेवार पदाधिकारी मार्फत खाताबाट खर्च गर्ने,

२५. उम्मेद्वारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैंक तथा वित्तिय संस्थामा खाता खोली सोही खाताबाट गर्ने।

२६. दल तथा उम्मेद्वारले पच्चीस हजार भन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक तथा वीत्तीय संस्थाबाट गर्ने,

२७. स्थानीय प्रशासनको अनुमति लिएर मात्र सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा भेला गर्ने,

२८. कम्तिमा २४ घण्टा अगावै स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थानको बारेमा जानकारी गराउने,

२९. कुनै राजनीतिक दलले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, भेला कार्यक्रम नबिथोल्ने वा बाधा नपुऱ्याउने,

३०. एकै स्थानमा र समयमा एक भन्दा बढी राजनीतिक दलले कार्यक्रम नगर्ने मार्ग परिवर्तन निर्देशन पालना गर्ने,

३१. स्थानीय प्रशासन र कानूनले निषेध गरेका सामाग्री लिई जुलुस, आमसभा, कोणसभा र भेलामा सहभागी नहुने

३२. विभिन्न संघ संस्था वा व्यक्तिलाई नगद वा जिन्सी अनुदान, सहयोग, सहायता, खर्च दिन वा दिने घोषणा नगर्ने,

३३. ग्रामको ३०० वर्ग इन्चको एउटा रंग/मुद्रक नाम सहित पर्चा मात्र प्रयोग,

३४. कार्यालयमा ३.४ फिटको दलको साइनबोर्ड झण्डा र चिन्ह राख्ने, डिजिटल बोर्ड, फ्लेक्स, श्रव्यदृश्य सामाग्री प्रयोग नगर्ने,

३५. आफ्नो कार्यालय बाहेकको स्थानमा साइनबोर्ड झण्डा र चिन्ह राख्ने, डिजिटल बोर्ड,फ्लेक्स, श्रव्यदृश्य सामाग्री प्रयोग नगर्ने,

३६. दल वा उम्मेद्वारले बढीमा एउटा निजी र आधिकारिक वेव पेजमा प्रचार-प्रसार सामाग्री राख्न सकिने,

३७. माथि उल्लेखित आचारसंहिताका अतिरिक्त प्रतिनिधि सभा सदस्य निर्वाचन आचारसंहिता,२०८२ को अध्ययन गर्ने र अक्षरश पालना गर्ने/गराउने।

यस जिल्लाका रानीतिक दल, उम्मेद्वार, निर्वाचन प्रतिनिधि र सरोकारवाला कसैले आचारसंहिताको उल्लंघन तथा विपरित कार्य गरेमा कानुन बमोजिम कारबाही हुने समेत जानकारी गरिन्छ। आचारसंहिता उल्लंघन भएगरेको सम्बन्धमा कुनै जानकारी वा गुनासो भएमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय वा जिल्ला आचारसंहिता अनुगमन समिति (ccmc.gulmi2082@gmail.com) वा जिल्ला निर्वाचन कार्यालय (इमेल deo.gulmi@election.gov.np) मा इमेल गर्नुहुन अनुरोध छ।

..........................१०/२२

(महेन्द्र प्रसाद भण्डारी)
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
मो.नं. ९८५७०४८१४०, ९८५११९९८५१

..........................

(हरि प्रसाद गैरे)
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
मो.नं.९८५७०७९०११, ९८४७१०४००